# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, वैशाख ०३ गते, २०८१ साल (सङ्ख्या ०१


## भाग ३

### बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### बागमती विश्वविद्यालयको विधान, २०८०

**प्रस्तावना:** बागमती प्रदेशको जनसाङ्ख्किक सम्भावना, आवश्यकता र चुनौतीहरूलाई सम्बोधन गरी आधुनिक ज्ञान, सीप र प्रविधिलाई व्यावहारिक एवं कार्यमूलक शिक्षासँग जोड्दै शैक्षिक क्षेत्रलाई थप मर्यादित, गुणस्तरयुक्त

र प्रतिस्पर्धी बनाई प्रदेशको आर्थिक, सामाजिक र शैक्षिक रूपान्तरणमा सहयोग पुऱ्याउन एवं,

परम्परागत ज्ञान र प्रविधिको संरक्षण र आधुनिकीकरण, वैज्ञानिक शिक्षा प्रणाली, समस्या समाधानमा आधारित अनुसन्धान, नवप्रवर्तन, प्रविधिको आविष्कार र विकाससँगै आधुनिक एवं पूर्वीय ज्ञानमा अभिवृद्धि गरी राष्ट्रिय भाषा र संस्कृतिको विकास गर्न तथा,

गुणस्तरीय उच्च शिक्षाको अवसर सर्वसाधारणलाई उपलब्ध गराई राष्ट्रको सर्वाङ्गीण विकासका लागि अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादन गर्ने गरी,

प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ८ (१) (क) अनुसार स्थापना हुने सार्वजनिक विश्वविद्यालयको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन यो विधान तयार गरिएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस विधानको नाम "बागमती विश्वविद्यालयको विधान, २०८०" रहेको छ र अंग्रेजीमा यसलाई "Statute of Bagmati Province University, 2024" भनिने छ ।

(२) यो विधान प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ११ को उपदफा (५) बमोजिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट स्वीकृति पत्र जारी भएको मितिबाट लागू हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "विश्वविद्यालय" भन्नाले प्रदेश उच्च शिक्षा ऐन, २०७८ मा भएको व्यवस्थाबमोजिम प्रदेश

सार्वजनिक विश्वविद्यालयको रूपमा स्थापना हुने बागमती विश्वविद्यालयलाई सम्झनु पर्छ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालय सभा सम्झनु पर्छ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा १३ बमोजिमको कार्यकारी परिषद् सम्झनु पर्छ।

(घ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ङ) "सङ्काय प्रमुख (डिन)" भन्नाले विश्वविद्यालय अन्तर्गत स्थापित विभिन्न सङ्काय प्रमुखलाई सम्झनु पर्छ।

(च) "महाविद्यालय(स्कुल)" भनाले विश्वविद्यालयका विभिन्न सङ्कायका शैक्षिक तथा प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गर्ने शैक्षिक निकाय सम्झनु पर्छ।

(छ) "कलेज" भन्नाले खण्ड (च) मा उल्लिखित स्कुल सरहको सम्बन्धन प्राप्त उच्च शिक्षण संस्था सम्झनु पर्छ।

(ज) "प्राचार्य (प्रिन्सिपल)" भन्नाले कलेजको प्राचार्य सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "अनुसन्धान केन्द्र" भन्नाले विश्वविद्यालयको विधानबमोजिम विश्वविद्यालयद्वारा स्थापित एवं सञ्चालित अध्ययन तथा अनुसन्धान केन्द्रलाई सम्झनु पर्छ।

(ट) "कुलसचिव वा रजिष्ट्रार" भन्नाले दफा १६ अनुसार नियुक्त विश्वविद्यालयको प्रमुख प्रशासकीय पदाधिकारीलाई सम्झनु पर्छ।

(ठ) "कुलाचार्य(Chancellor)" भन्नाले दफा १५ अनुसार नियुक्त विश्वविद्यालयको प्रमुख कार्यकारी पदाधिकारी सम्झनु पर्छ।

(ड) "अध्यक्ष" भन्नाले दफा ९(१) अनुसार गठित विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज) को अध्यक्ष सम्झनु पर्छ।

(ढ) "संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज)" भन्नाले दफा ३ अनुसार गठित विश्वविद्यालयको संरक्षक समिति सम्झनु पर्छ।

(ण) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनु पर्छ।

३. **विश्वविद्यालयको स्थापनाः**

(१) कृषि तथा अन्य उद्यमको प्रविधि एवम् विज्ञान विषयको अध्ययन, अध्यापन तथा अनुसन्धानलाई विशेष प्राथमिकता दिँदै सामाजिक विज्ञान, दर्शनशास्त्र, कानुन, पर्यटन व्यवसाय, स्वास्थ्य, इन्जिनियरिङ्ग, सूचना प्रविधि, साहसिक खेल, रैथाने सीप, कला, भाषा र संस्कृति जस्ता रोजगारमूलक व्यावसायिक विषयहरूको शिक्षण, प्रशिक्षण तथा अध्ययन-अनुसन्धानका लागि बागमती विश्वविद्यालयको स्थापना हुनेछ।

(२) विश्वविद्यालयको स्थापना हुँदाका अवस्थामा विश्वविद्यालयले ऐनले तोकेको प्रक्रियाबमोजिम अन्य आङ्गिक वा सम्बन्धन प्राप्त कुनै उच्च शिक्षण संस्थालाई केन्द्रीय शिक्षण संस्थाको रूपमा ग्रहण गर्न सक्नेछ।

(३) विश्वविद्यालयले आवश्यकतानुसार आङ्गिक उच्च शिक्षण संस्थाहरू स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(४) विश्वविद्यालयले आवश्यकता भएमा विश्वविद्यालय संरक्षक समितिको सिफारिसमा व्यवसायिक शिक्षा सञ्चालन गर्ने कम्तिमा १० वटा ब्याच उत्पादन गरी उत्कृष्ट शिक्षण संस्थाको ख्याति प्राप्त गरेको वा विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर तथा प्रत्ययनको प्रमाणपत्र प्राप्त गरेको कुनै शिक्षण संस्थालाई स्वायत्त शिक्षण संस्थाको रूपमा सञ्चालन हुने गरी अनुमति दिन सक्नेछ।

(५) बागमती विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित एवं सङ्गठित संस्था हुनेछ।

(६) विश्वविद्यालयको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(७) विश्वविद्यालयले व्यक्ति सरह चल–अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न, धितोबन्धक राख्न, ऋण लिन, नेपाल सरकार वा नेपाल सरकारअन्तर्गतका विभिन्न निकायहरू, प्रदेश सरकार तथा स्थानीय तह तथा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरूबाट तोकिएको प्रक्रिया पूरा गरी अनुदान प्राप्त गर्न सक्नेछ।

(८) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजुर गर्न सक्नेछ र विश्वविद्यालयउपर पनि नालिस उजुर लाग्न सक्नेछ।

(९) विश्वविद्यालयको केन्द्रीय कार्यालय प्रदेश सरकारको मुकाम रहेको हेटौंडामा रहनेछ।

४. **विश्वविद्यालयको सङ्गठनः**

(१) कुलाचार्य, कुलसचिव, सङ्काय प्रमुखहरू, अध्ययन प्रतिष्ठानका निर्देशक, अध्ययन अनुसन्धान केन्द्रका निर्देशक, परीक्षा व्यवस्थापन निर्देशक एवं प्राचार्यहरू, प्राध्यापकहरू, विद्यार्थीहरू एवम् कर्मचारीहरूको सामूहिक स्वरूप नै विश्वविद्यालय हुनेछ।

(२) विश्वविद्यालयका उच्च शिक्षण संस्थाहरूको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(३) विश्वविद्यालयका सबै सङ्कायहरू तथा शिक्षण एवं अनुसन्धान संस्थाहरूले सञ्चालन गर्ने पाठ्यक्रम तथा कार्यक्रमहरूले रैथाने उत्पादन तथा प्रविधिको संरक्षण, प्रवर्द्धन तथा परिष्कार, कृषि तथा रोजगारमूलक उद्यम, स्वास्थ्य, पर्यटन तथा अतिथि सत्कार, उर्जा विकास, सूचना प्रविधि, प्रविधि विकास, खनिज उत्खनन्, कार्पेन्ट्रीलगायतका घरेलु नवप्रवर्तनात्मक उद्यमलाई प्रोत्साहन र प्राथमिकता दिनेछ।

(४) विश्वविद्यालयले उत्पादन र स्वनिर्भरतालाई सिकाई शिक्षण कार्यक्रमसँग आवद्ध गर्ने कार्यलाई सिकाई शिक्षणको अभिन्न अङ्ग बनाउने छ।

(५) विश्वविद्यालयले वैज्ञानिक खोज तथा आविष्कारप्रति आफ्ना शैक्षिक गतिविधिलाई केन्द्रित गर्नेछ।

५. **<u>विश्वविद्यालयका पदाधिकारीहरू</u>:** विश्वविद्यालयमा देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्:-

(क) कुलाचार्य (Academic Chancellor)

(ख) कुल सचिव (Registrar)

(ग) सङ्काय प्रमुखहरू (Deans)

(घ) अनुसन्धान केन्द्र निर्देशक (Director)

(ङ) परीक्षा व्यवस्थापन निर्देशक (Examination Director)

(च) तोकिएका अन्य पदाधिकारीहरू

६. **विश्वविद्यालयका संरक्षक:** (१) प्रदेशका मुख्यमन्त्री विश्वविद्यालयको संरक्षक हुनेछ।

(२) दफा १५ बमोजिम कुलाचार्यको नियुक्ति संरक्षकबाट हुनेछ।

(३) संरक्षकले विश्वविद्यालयको शैक्षिक विकासका लागि सुझाव, परामर्श र निर्देशन दिन सक्नेछ।

७. **विश्वविद्यालय सभाको गठन:** (१) देहायका सदस्यहरू भएको विश्वविद्यालय सभा हुनेछ।

(क) विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रस्टिज) को अध्यक्ष- अध्यक्ष

(ख) कुलाचार्य -सदस्य

(ग) शिक्षा हेर्ने मन्त्रालयको सचिव -सदस्य

(घ) अन्य विश्वविद्यालयका उपकुिलपतिहरू मध्येबाट एकजना -सदस्य

(ङ) विश्वविद्यालयको मुकाम रहेको स्थानका प्रदेश सभा सदस्य -सदस्य

(च) विश्वविद्यालयको मुकाम रहेको नगरपालिका प्रमुख -सदस्य

(छ) प्रदेश नीति तथा योजना आयोगका

सामाजिकक्षेत्र हेर्ने सदस्य एकजना -सदस्य

(ज) विश्वविद्यालयका सङ्काय प्रमुखहरू मध्येबाट पालैसँग प्रतिनिधित्व हुने गरी दुईजना सङ्काय प्रमुख -सदस्य

(झ) अनुसन्धान केन्द्रका निर्देशक एकजना -सदस्य

(ञ) वरिष्ठ प्राध्यापकहरूमध्येबाट एक महिला सहित दुईजना -सदस्य

(ट) कलेजका प्राचार्यहरूमध्येबाट एकजना -सदस्य

(ठ) उद्योगपति, व्यापारी तथा व्यवसायीहरू मध्येबाट दुईजना -सदस्य

(ड) विशिष्ट योग्यता हासिल गरेका विज्ञान तथा प्रविधि र समाज विज्ञानको क्षेत्रमा ख्यातिप्राप्त प्राध्यापकहरूमध्येवाट एकजना महिला सहित तीनजना -सदस्य

(ढ) दलित, जनजाति, मधेशी तथा पछाडि परेका समुदायका ख्यातिप्राप्त शिक्षाविद् तथा शिक्षासेवीहरूमध्येवाट एक जना महिला सहित तीनजना -सदस्य

(ण) कृषि उद्यम (वागवानी, पशुपालन,

बाली विज्ञान) मा अनुकरणीय काम गरेका कृषकहरूवाट एकजना -सदस्य

(त) विश्वविद्यालयका विद्यार्थी एक जना छात्रासहितका तोकिए बमोजिमका दुईजना विद्यार्थी प्रतिनिधि -सदस्य

(थ) विश्वविद्यालयका कुलसचिव -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ), (ज), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (ण) र (त) बमोजिमका सदस्यहरू कार्यकारी परिषद्को सिफारिसमा सभाले गर्नेछ।

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन बर्षको हुनेछ।

(४) सभा विश्वविद्यालयको सर्वोच्च र अधिकार–सम्पन्न निकाय हुनेछ।

(५) संरक्षक समितिमा मनोनित पदेन सदस्य बाहेकका अन्य सदस्य दुई अवधि भन्दा बढी समयका नियुक्ति हुन योग्य हुने छैनन्।

८. **<u>सभाको काम, कर्तव्य र अधिकारः</u>** (१) सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको व्यवस्थापन तथा सञ्चालनका लागि चाहिने नियमावलीहरू पारित गर्ने, संशोधन गर्ने वा आवश्यकता नभएका नियमावलीहरू खारेज गर्ने।

(ख) दफा ७ को उपदफा (२) बमोजिम सदस्यहरूको मनोनयन अनुमोदन गर्ने।

(ग) विश्वविद्यालयको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने र यस्तो प्रतिवेदनमाथि छलफल गरी आवश्यक भएमा संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज) तथा कुलाचार्यलाई सुझाव वा राय परामर्श दिने।

(घ) विश्वविद्यालयका विभिन्न निकायको शैक्षिक तथा प्रशासनिक कामको लागि आवश्यक जनशक्तिको दरबन्दी स्वीकृत गर्ने वा आवश्यक नरहेको दरबन्दी खारेज गर्ने।

(ङ) विश्वविद्यालयको वार्षिक योजना तथा कार्यक्रम एवं आय-व्ययको विवरणसहितको वार्षिक बजेटमा छलफल गरी पारित गर्ने।

(च) विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीको सेवा शर्त सुविधाहरू निर्धारण गर्ने एवम् यसरी शर्त तथा सुविधाहरू निर्धारण गर्दा कार्यकारी परिषद्ले तथ्यगत अध्ययन तथा विश्लेषण सहितको प्रतिवेदन छलफल हुन तथा पारित हुन सभासमक्ष प्रस्तुत गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभाबाट पारित भएमा त्यस्ता सेवा, शर्त तथा सुविधाहरू आगामी बर्षका वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(छ) सङ्कायहरू, अनुसन्धान केन्द्रहरूले सञ्चालन गर्न लागेका नयाँ कार्यक्रमहरूलाई अनुमति प्रदान गर्ने।

तर यस्तो कार्यक्रमहरू कार्यकारी परिषदबाट सिफारिस भइ विश्वविद्यालयको वार्षिक कार्यक्रममा समावेश भएको हुनुपर्नेछ।

(ज) विश्वविद्यालयको उन्नयन तथा प्राज्ञिक उत्कृष्टता एवं सम्वर्द्धनका लागि आवश्यक निर्देशन दिने।

(झ) विश्वविद्यालयको सञ्चित कोषलाई दिगो एवं पर्याप्त बनाउन सुझाव, परामर्श तथा निर्देशन दिने।

(ञ) विश्वविद्यालयको सञ्चित कोषको अनुगमन गर्नुपर्ने अवस्था देखिएमा स्वतन्त्र विज्ञहरू रहेको संयन्त्र निर्माण गरी अनुगमन गर्ने र सुझाव दिने व्यवस्था गर्ने।

(ट) विश्वविद्यालयले प्रदान गर्ने उपाधिहरू स्वीकृत गर्ने।

(ठ) विश्वविद्यालयका सम्बन्धित विषयका कार्यक्रमहरू सञ्चालनको आवश्यक प्रबन्ध मिलाउने।

(ड) विश्वविद्यालयका कुलाचार्य तथा कुलसचिवले विश्वविद्यालयको हित विरुद्ध कार्य गरेमा, भ्रष्टाचार गरेमा वा पदीय आचरण विपरीत कार्य गरेमा कारवाही गर्ने।

(ढ) खण्ड (ड) मा उल्लिखित कसुर गरेको प्रमाणित भएमा सभाले बहुमतको निर्णयबाट त्यस्ता कुलाचार्य तथा कुलसचिवलाई सेवाबाट बर्खास्त गर्न सक्नेछ।

(२) सभाको बैठकको गणपुरक सङ्ख्या सम्पूर्ण सदस्यको ५१ प्रतिशत हुनेछ तर बैठकको सूचना विधिवत प्राप्त गरेका कुनै सदस्यले बैठक बस्ने मितिभन्दा सात दिन पूर्व नै बैठकमा उपस्थित हुन नसक्ने लिखित जानकारी पठाएमा, गणपुरक सङ्ख्या गणना गर्दा त्यस्ता सदस्यलाई बाहेक गरी गणना गरिने छ।

(३) दुईपटकसम्म बैठकमा अनुपस्थित हुने मनोनित सदस्यको सदस्यता स्वतः खारेज भएको मानिनेछ।

(४) सभाका बैठकहरू देहायबमोजिम बस्नेछन्:-

(क) वार्षिक कार्यक्रम तथा बजेट बैठक बर्षमा एकपटक बस्नेछ एवम् यस्तो बैठक बस्ने स्थान, मिति, प्रस्तावहरू र सम्बन्धित प्रतिवेदनसहित सम्पूर्ण सदस्यलाई कम्तीमा १५ दिन अगावै पठाउनु पर्नेछ साथै यस्तो जिम्मेवारी कार्यकारी परिषदमा रहनेछ र सामान्यतया सभाको बैठक विश्वविद्यालयको कार्यालयमा बस्नेछ।

(ख) प्राज्ञिक बैठक अर्धवार्षिक बैठकको रूपमा बस्ने छ र यस्तो बैठकले विश्वविद्यालयका नियमित

कार्यक्रमहरूको मूल्याङ्कन तथा नयाँ कार्यक्रमहरू स्वीकृत गर्नेछ।

(ग) विशेष बैठकः सभाका २५ प्रतिशत सदस्यले कुनै विशेष प्रस्तावमाथि छलफल गर्ने प्रस्तावसहित विशेष बैठकको माग गरेमा सभाको विशेष बैठक बस्नेछ र यस्तो बैठक सभाका अध्यक्षमार्फत माग गर्नुपर्नेछ।

९. **विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज):** (१) देहाय बमोजिमको एक संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज) रहनेछः-

(क) अध्ययन अध्यापन अनुसन्धान तथा व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय ख्यातिप्राप्त प्रतिष्ठित व्यक्तिहरूमध्ये एकजना -सदस्य

(ख) उच्च शिक्षाको सञ्चालन तथा व्यवस्थापनक्षेत्रमा ख्यातिप्राप्त प्रतिष्ठित व्यक्तिमध्येबाट दुईजना -सदस्य

(ग) विद्यावारिधि गरेका उच्च शिक्षा सञ्चालन गर्ने सस्थाका प्राध्यापक वा विश्वविद्यालयका निवृत्त प्राध्यापकमध्येवाट एकजना -सदस्य

(घ) विश्वविद्यालयका पदाधिकारीहरूमध्येबाट एकजना -सदस्य

(ङ) प्रदेशको शिक्षा, अर्थ, तथा कानुन हेर्ने मन्त्रालयका सचिव तीनजना -सदस्य

(च) विभिन्न विश्वविद्यालयममा उपकुलपति भइ योगदान गरेका पूर्व उपकुलपतिमध्येबाट एकजना -सदस्य

(छ) प्रदेश सरकारले मनोनयन गरेका वरिष्ठ लेखा तथा वित्त विज्ञ एकजना -सदस्य

(ज) कृषि, उर्जा, विज्ञान तथा प्रविधि र उद्योगका क्षेत्रमा विशेष योगदान दिएका प्रदेश सरकारले मनोनयन गरेका वरिष्ठ वैज्ञानिक एकजना -सदस्य

(झ) उद्यमी, उद्योगपति तथा विविध क्षेत्रमा क्रियाशील रही विश्वविद्यालयमा छात्रवृत्ति उपलब्ध गराउने, विश्वविद्यालयअन्तर्गतका कार्यक्रममा वित्तीय साझेदारी गर्ने तथा उल्लेख्यरूपमा आर्थिक सहयोग पुऱ्याउने व्यक्तिहरूमध्येबाट मनोनित दुईजना -सदस्य

(ञ) प्रदेश सरकारको सार्वजनिक विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीमध्येवाट एक छात्रा सहित दुईजना -सदस्य

(२) उपदफा (१) बमोजिमको संरक्षण समितिका सदस्यहरूको सहमति वा बहुमतका आधारमा उपदफा (१) (घ),

(ङ) र (ञ) बाहेकका सदस्यहरूमध्येबाट एकजना सदस्यलाई अध्यक्षमा चयन गर्नु पर्नेछ।

(३) संरक्षक समितिको कार्यकाल तथा निर्धारण प्रक्रिया ऐनको दफा (१३) को उपदफा (५) र (६) बमोजिम हुनेछ।

१०. **संरक्षक समिति (बोर्ड अफ ट्रस्टिज) को काम कर्तव्य र अधिकारः**

(१) संरक्षक समिति (बोर्ड अफ ट्रस्टिज) को काम, कर्तव्य र अधिकार उच्च शिक्षा ऐनको दफा १३ को अधीनमा रही देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको सञ्चित कोषको स्थापना, सञ्चालन तथा नियन्त्रण गर्ने।

तर यस कोषमा सङ्कलित कोषमा रहेको रकम संरक्षक समितिले आफ्नो लागि खर्च गर्न पाउने छैन।

(ख) विश्वविद्यालयको वार्षिक बजेट तथा योजनाअनुरूप सञ्चित कोषबाट रकम निकासा गर्ने।

(ग) विश्वविद्यालयको सम्पत्तिको संरक्षण तथा प्रवर्द्धन गर्ने।

(घ) विश्वविद्यालयको उन्नयनका लागि प्राज्ञिक अनुसन्धानात्मक तथा सिकाई शिक्षणका गतिविधि सञ्चालन तथा सम्वर्द्धनका लागि विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल सरकारको पूँजी संलग्न रहेको कम्पनी,

प्राधिकरण तथा प्रतिष्ठानहरू, उद्योग तथा वाणिज्य सङ्घ तथा आवश्यकता र औचित्यका आधारमा नेपाल सरकारको पूर्व स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट अनुदान प्राप्त गर्ने।

(ङ) विश्वविद्यालयको शैक्षिक गतिविधिबाट सङ्कलित सबै किसिमका आम्दानी सञ्चित कोषमा जम्मा गर्ने।

(च) विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अध्ययन सहायता अनुदान (विद्वत्वृत्ति तथा छात्रवृत्ति) प्रदान गर्ने।

(छ) कुलाचार्यको चयनका लागि तोकिएबमोजिम सम्भावित तीन जना उम्मेदवारको नाम सभासमक्ष सिफारिस गर्ने।

(ज) अन्य तोकिएका कार्यहरू गर्ने।

(२) उपदफा (१) बमोजिम तोकिएका कार्यहरू गर्नका लागि विश्वविद्यालयले तोकेको प्रथम श्रेणीको प्रशासक (निर्देशक) सहित आवश्यक कर्मचारी रहेको सचिवालय संरक्षक समितिमा रहनेछ।

(३) उपदफा (२) बमोजिमको सचिवालयलाई आवश्यक पर्ने कर्मचारी विश्वविद्यालयको कार्यकारी परिषद्ले व्यवस्था गर्नेछ ।

(४) संरक्षक समितिको कार्य सम्पादनसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

११. **<u>प्राज्ञिक परिषद्को गठनः</u>** (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिकक्षेत्रको गुणस्तर, स्तरीयता, उत्कृष्टता, विशिष्ठता एवं समसामयिकताका सम्बन्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै विश्वविद्यालयको एउटा मौलिक प्राज्ञिक पहिचान एवं उन्नयनपूर्ण स्तर निर्माण गर्ने प्रयोजनका लागि शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा प्रमुख निकायका रूपमा क्रियाशील रहने देहायका सदस्यहरू भएको एक प्राज्ञिक परिषद् रहनेछः-

(क) कुलाचार्य -अध्यक्ष

(ख) सङ्काय प्रमुखहरू -सदस्य

(ग) अध्ययन तथा अनुसन्धान निर्देशकहरू -सदस्य

(घ) विभिन्न विषयका वरिष्ठ प्राध्यापकहरू (प्रत्येक विषयका एक जनाका दरले) -सदस्य

(ङ) प्रदेशका अन्य विश्वविद्यालय, प्र्रतिष्ठान, अनुसन्धान केन्द्र तथा प्रशिक्षण केन्द्रमा कार्यरत कार्यकारी परिषद्ले मनोनयन गरेका एक जना महिलासहित दुईजना प्रतिनिधि -सदस्य

(च) अन्य विश्वविद्यालयबाट मनोनित प्राध्यापकहरूमध्येबाट दुईजना -सदस्य

(छ) विभिन्न देशका ख्यातिप्राप्त विश्वविद्यालयबाट मनोनित गरिएका

अतिथि प्राध्यापकहरूबाट दुईजना -सदस्य

(ज) स्वतन्त्र विज्ञ एवं वैज्ञानिकहरूमध्येबाट दुईजना -सदस्य

(झ) प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ञ) शिक्षा हेर्ने मन्त्रालयको उच्च शिक्षा अनुगमन समितिका प्रमुख -सदस्य

(ट) कुलसचिव -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनयन हुने सदस्यहरूमा पदेनबाहेक अन्य सदस्यहरू कार्यकारी परिषद्ले मनोनयन गर्नेछ।

(३) उपदफा (१) को खण्ड (च), (छ) र (ज) बमोजिमका सदस्यहरूको पहिचान गरी मनोनयन गर्ने जिम्मेवारी कार्यकारी परिषद्लाई हुनेछ।

(४) पदेन सदस्यहरू बाहेक अन्य सबै सदस्यहरूको मनोनयन सभाबाट अनुमोदन गर्नु पर्नेछ।

(५) सबै मनोनित सदस्यहरूको पदावधि तीन बर्षको हुनेछ।

(६) प्राज्ञिक परिषद्को कार्यपद्धति 'विमर्शमूलक' (गोष्ठि वा सम्मेलन) हुनेछ साथै यसका बैठकहरू गोष्ठीका रूपमा सञ्चालन हुनेछन् र बैठकहरूले विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि आवश्यक पाठ्यक्रम तथा सिकाई शिक्षण पद्धतिका

सम्बन्धमा ठोस एवं वस्तुगत अवधारणाहरूको विकास गर्ने मूल जिम्मेवारी प्राज्ञिक परिषद्को हुनेछ।

(७) प्राज्ञिक परिषद्लाई विषयगत विज्ञताका सम्बन्धमा सल्लाह, सुझाव र परामर्श प्रदान गर्नका लागि एउटा विज्ञ समूहको गठन हुनेछ साथै यस्तो विज्ञ समूहमा राष्ट्रका ख्यातिप्राप्त विज्ञहरू रहने छन् एवम् यस्ता विज्ञहरूको पहिचान गर्ने र मनोनयन गर्ने अधिकार प्राज्ञिक परिषद्लाई हुनेछ।

(८) प्राज्ञिक परिषद्अन्तर्गत पाठ्यक्रम मूल्याङ्कन केन्द्र रहनेछ र यसका काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् एवम् यस केन्द्रले परिषद्को सचिवालयको काम पनि गर्नेछ।

१२. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः** प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) विश्वविद्यालयमा हुने अध्ययन, अध्यापन, गुणस्तर निर्धारण, पाठ्यक्रम अनुगमन र मूल्याङ्कन, सिकाई-शिक्षण परीक्षाको स्तर र किसिम, मूल्याङ्कन विधि तथा पद्धति, शिक्षण सामग्री विकास र प्रयोगको अध्ययन तथा सन्दर्भ सामग्रीहरू, विद्यार्थी भर्नासम्बन्धी सङ्ख्या र योग्यता निर्धारण गर्ने।

(ख) विश्वविद्यालयको पाठ्यक्रम तर्जुमा गर्ने गराउने, स्वीकृत तथा अद्यावधिक गर्ने र सो को अनुमोदनको लागि कार्यकारी परिषद्मार्फत सभामा पेश गर्ने।

(ग) विश्वविद्यालयमा सञ्चालित सबै शैक्षिक कार्यक्रम, तथा शैक्षिक प्राज्ञिक गतिविधिहरूको विश्वविद्यालयको अनुगमन गर्ने, निरीक्षण गर्ने तथा मूल्याङ्कन गरी प्राज्ञिक परिषद्ले वार्षिक प्रतिवेदन प्रकाशित गर्ने।

(घ) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक उन्नयनको दीर्घकालीन योजना निर्माण गरी कार्यकारी परिषद्मा पेश गर्ने।

(ङ) सभाबाट पारित शैक्षिक तथा प्राज्ञिक नीति तथा निर्देशनहरू कार्यान्वयन गर्ने गराउने।

(च) विश्वविद्यालयमा सञ्चालन हुने अनुसन्धानसम्बन्धी नीतिहरू तर्जुमा गर्ने।

(छ) विश्वविद्यालयको समकक्षतासम्बन्धी नीति निर्धारण गर्ने र समकक्षतासम्बन्धी कार्य गर्ने।

(ज) मानार्थ उपाधिहरूको व्यवस्थासम्बन्धी नीति निर्माण गर्ने।

(झ) विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय मानक अवस्थामा स्थापित गर्न आवश्यक कार्य गर्ने।

(ञ) शैक्षिक तथा प्राज्ञिकक्षेत्रमा विश्वविद्यालयले अन्य विश्वविद्यालय तथा शैक्षिक एवं अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्ने सम्बन्धमा नीति तथा मार्गनिर्देशिका तर्जुमा गरी कार्यकारी परिषद्मा पेश गर्ने।

**१३.** **<u>कार्यकारी परिषद्:</u>** (१) विश्वविद्यालयको देहायका सदस्यहरू रहेको कार्यकारी परिषद् हुनेछः-

(क) कुलाचार्य -संयोजक

(ख) कुलसचिव -सदस्य

(ग) कुलाचार्यले तोकेको सङ्काय प्रमुख एकजना -सदस्य

(घ) सिनेटरमध्येवाट कुलाचार्यले तोकेको एकजना -सदस्य

(ङ) वरिष्ठ प्राध्यापकहरूमध्येबाट प्राज्ञिक परिषदमा प्रतिनिधित्व गर्ने प्राध्यापक एकजना -सदस्य

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमका सदस्यहरू विषयगत सङ्कायको वर्णानुक्रम अनुसार पालैपालो कुलाचार्यबाट मनोनित गरिनेछ साथै यस्तो मनोनयनको प्रस्ताव कुलाचार्यबाट कार्यकारी परिषदमा राखिनेछ र यस्ता सदस्यहरूको कार्यावधि दुई बर्षको हुनेछ।

(३) उपदफा (१) खण्ड (ङ) बमोजिमका सदस्यको मनोनयन पनि उपदफा (२) मा उल्लेख गरिएबमोजिम हुनेछ।

(४) उपदफा (१) खण्ड (ङ) बमोजिम मनोनित सदस्यको कार्यावधि दुई बर्षको हुनेछ र त्यस्ता सदस्यको मनोनयनको प्रस्ताव प्राज्ञिक परिषद्का अध्यक्षको सिफारिसमा कुलाचार्यबाट गरिने छ।

१४. **<u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सेवा आयोगबाट तोकिएको परीक्षा उत्तीर्ण गरी सिफारिस भइ आएका शिक्षक तथा कर्मचारीको नियुक्तिको निर्णय गर्ने ।

(ख) सभाले पारित गरेको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने।

(ग) सभामा प्रस्तुत हुने वार्षिक कार्यक्रम, वार्षिक बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन, तथा विश्वविद्यालयका कार्यकारीणी कामसम्बन्धी अन्य प्रस्तावहरू तयार पार्ने।

(घ) विश्वविद्यालयको लेखापरीक्षण गराउने।

(ङ) विश्वविद्यालयका कार्यक्रमहरू, निकायहरू, तथा आबद्ध कलेजहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यक निर्देशन दिने।

(च) विश्वविद्यालयका लागि आवश्यक नियमहरूको मस्यौदा गरी सभासमक्ष पेश गर्ने।

(छ) विश्वविद्यालयको शैक्षिक कार्यतालिका पारित गरी कार्यान्वयन गर्ने।

(ज) विश्वविद्यालयमा अध्ययन अध्यापनका लागि आउने विदेशी विद्यार्थी तथा शिक्षकहरूको अध्यागमन

अनुमतिका लागि प्रदेश सरकारमार्फत् नेपाल सरकारसमक्ष पेश गर्ने।

(झ) विदेशी विश्वविद्यालयहरूसँग प्राज्ञिक तथा अनुसन्धान सहकार्यका लागि सम्झौता गर्ने।

(ञ) विश्वविद्यालयको दीक्षान्त समारोहसम्बन्धी आवश्यक कार्य गर्ने र विद्यार्थीहरूलाई दीक्षित भएका प्रमाणपत्र जारी गर्ने व्यवस्थाको निर्देशन गर्ने।

(ट) मानार्थ उपाधि प्रदान गर्ने सम्बन्धमा निर्णय गर्ने।

(ठ) विश्वविद्यालयको सञ्चालनमा हुने खर्चको नीतिगत व्यवस्था गरी संरक्षक समितिमा पेश गर्ने।

(ड) विभिन्न तहमा नियुक्ति हुने शिक्षकहरूको न्युनतम योग्यता तोक्ने र विश्वविद्यालयमा अध्यापनमा संलग्न हुने करार तथा आंशिक तथा अतिथि शिक्षकहरूको सेवा, शर्त र सुविधाहरू तोक्ने।

(ढ) सङ्काय प्रमुख, प्रतिष्ठानका निर्देशक, अध्ययन अनुसन्धान केन्द्रका निर्देशक, परीक्षा व्यवस्थापन निर्देशक, रजिष्ट्रारलगायत विश्वविद्यालयका अन्य विभागीय प्रमुखहरूको नियुक्तिको निर्णय गर्ने।

**१५. <u>कुलाचार्यः</u>** (१) कुलाचार्यको नियुक्ति विश्वविद्यालयका संरक्षकले गर्नेछ।

(२) कुलाचार्यको नियुक्ति देहायबमोजिमको समितिको सिफारिसमा गर्नुपर्नेछः-

(क) बागमती प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्री -संयोजक

(ख) प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष -सदस्य

(ग) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -सदस्य

(३) उपदफा (२) बमोजिमको समितिले देहायबमोजिमका विषय समावेश हुने गरी छनौटको कार्यविधि आफै निर्धारण गर्नेछः-

(क) सम्भावित उम्मेदवार छनौटका लागि कम्तीमा पन्ध्र दिनको समय दिई सार्वजनिक सूचना प्रकाशित गर्ने।

(ख) सम्भावित उम्मेदवारको आचरणसम्बन्धी जानकारी विभिन्न स्रोतबाट सङ्कलन गर्ने।

(ग) निर्धारित न्यूनतम योग्यता पुगेका आवेदकहरूको संक्षिप्त सूची प्रकाशित गर्ने।

(घ) विश्वविद्यालयका उद्देश्यसँग सम्बन्धित विषयमा प्राज्ञिक दक्षता भएको, अनुसन्धानात्मक कार्य गरेको र व्यवस्थापनमा कुशलता भएको उम्मेदवार छनौट हुने सुनिश्चित गर्ने।

(ङ) उम्मेदवार हुन नेपाली नागरिक हुनुपर्ने, पैतीस बर्ष पूरा भएको र पचपन्न बर्ष भन्दा कम उमेर भएको हुनुपर्ने।

(च) उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता विद्यावारिधि हुनेछ।

(छ) अन्य योग्यता अन्तर्राष्ट्रिय प्राज्ञिक मान्यतामा आधारित हुनेछन्।

(४) कुलाचार्यको लागि सिफारिस गरिएका उम्मेदवारको कार्ययोजनासमेत संलग्न गरी यस समितिले संरक्षकसमक्ष सिफारिस गर्नुपर्नेछ।

(५) कुलाचार्यको पदावधि पाँच बर्षको हुनेछ र निजको पदावधि कारण खोली एकपटक थप गर्न सकिनेछ।

(६) कुलाचार्य विश्वविद्यालयको प्रमुख कार्यकारी पदाधिकारी हुनेछ र निजले आफ्नो अधिकार यस विधान तथा तोकिएबमोजिम विभिन्न पदाधिकारीमार्फत प्रयोग गर्नेछ।

(७) कुलाचार्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछन्।

(८) सभाको अध्यक्षको अनुपस्थितिमा विश्वविद्यालय सभाको अध्यक्षता कुलाचार्यले गर्नेछ।

(९) यस विधानमा रहेका व्यवस्था र यस विधानअन्तर्गत बनेको नियमको पालना गर्नु गराउनु कुलाचार्यको प्रमुख कर्तव्य हुनेछ।

(१०) कुलाचार्यले सभाको निर्णय वा आदेशलाई कार्यान्वयन गराउने छ।

(११) विश्वविद्यालयका सबै शैक्षिक तथा प्राज्ञिक गतिविधि उपर कुलाचार्यको सामान्य नियन्त्रण रहनेछ।

(१२) सभामा पेश हुने सबै प्रस्तावहरू वा विषयवस्तु कुलाचार्यमार्फत् पेश हुनेछन्।

(१३) कुलाचार्यले संरक्षक समक्ष तोकिएबमोजिम शपथ गर्नुपर्नेछ।

(१४) कुलाचार्यले नियुक्ति ग्रहण गर्दाको अवस्थामा दलीय राजनीतिबाट पृथक रहनेलगायतका शर्तहरू उल्लिखित प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुपर्नेछ।

१६. **कुलसचिवः** (१) कार्यकारी परिषद्को सिफारिसमा कुलाचार्यले कुलसचिवको नियुक्ति गर्नेछ।

(२) कुलसचिव पूरा समय काम गर्ने पदाधिकारी हुनेछ साथै निजको पदावधि पाँच बर्षको हुनेछ र आवश्यक भएमा निजको पदावधि एक पटक थप हुन सक्नेछ।

(३) कुलसचिवलाई विश्वविद्यालयको सबै प्रकारको प्रशासनिक कार्यहरू जिम्मेवारीपूर्वक सम्पादन गर्ने गराउने अधिकार हुनेछ र विश्वविद्यालयका सबै शैक्षिक तथा प्राज्ञिक गतिविधिहरूको सञ्चालन तथा व्यवस्थापनका लागि सहज वातावरण निर्माण गर्नु निजको प्रमुख कर्तव्य हुनेछ।

(४) कुलसचिवले सभाको निर्णय वा आदेश प्रमाणित गर्नेछ।

(५) कुलाचार्यको सामान्य रेखदेखमा विश्वविद्यालयको सामान्य प्रशासन, आर्थिक प्रशासन तथा सम्पत्ति संरक्षण तथा सुरक्षा व्यवस्थापनका कार्यहरू कुलसचिवले गर्नेछ।

(६) कुल सचिवका अन्य काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सेवा एवं सुविधा तोकिएबमोजिम हुनेछन्।

**१७. <u>सङ्काय प्रमुख र अन्य पदाधिकारीहरू:</u>** (१) सङ्काय प्रमुख तथा अनुसन्धान निर्देशकको नियुक्ति तीन बर्षका लागि हुनेछ र निजहरूको पदावधि एकपटक थप हुन सक्नेछ।

(२) सङ्काय प्रमुख सङ्कायको प्रमुख हुनेछ र निज पूर्णकालीन पदाधिकारी हुनेछ।

(३) अध्ययन प्रतिष्ठान तथा अध्ययन अनुसन्धान केन्द्रमा नियुक्त निर्देशकहरू संस्थाका प्रमुख पदाधिकारी हुनेछन् र निजहरूको नियुक्ति तीन बर्षका लागि हुनेछ।

(४) सङ्काय प्रमुखको नियुक्ति कार्यकारी परिषदले गठन गरेको छनौट समितिले सिफारिस गरेका तीनजना उम्मेदवारमध्येबाट कुलाचार्यले गर्नेछ।

(५) अध्ययन प्रतिष्ठान तथा अध्ययन एवं अनुसन्धान केन्द्रका निर्देशकहरूको नियुक्तिको प्रक्रिया उपदफा (४) मा उल्लेख भएबमोजिम हुनेछ।

(६) सङ्काय प्रमुख तथा अनुसन्धान निर्देशकको न्युनतम शैक्षिक योग्यता विद्यावारिधि वा प्राध्यापकको पदमा रही कम्तिमा १० बर्ष नियमित पठनपाठन गरेको अनुभव हुनु पर्नेछ र पारिश्रमिक तथा सुविधाहरू तोकिएबमोजिम हुनेछन्।

(७) सङ्काय प्रमुख तथा अनुसन्धान निर्देशकहरू कुलाचार्यमार्फत सभाप्रति उत्तरदायी हुनेछन्।

१८. **महाविद्यालयहरूः** (१) विश्वविद्यालय अन्तर्गतका प्रमुख शैक्षिक कार्यक्रमहरू महाविद्यालय (स्कुल) मा सञ्चालन हुनेछन्।

(२) महाविद्यालयको नीतिगत एवं वित्तीय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सङ्काय प्रमुखमा रहनेछ।

(३) आवश्यकता र औचित्यताका आधारमा महाविद्यालयको पुस्तकालय, प्रयोगशाला, संग्रहालय तथा अन्य संस्थाहरू रहनेछन्।

तर त्यस्ता संस्थाहरूको सञ्चालनसम्बन्धी नीतिगत निर्णय गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ।

१९. **प्रशिक्षण केन्द्रहरूः** (१) विश्वविद्यालयले आवश्यक ठानेमा विभिन्न प्रशिक्षण तथा तोकिएबमोजिम प्राज्ञिक गतिविधिमा संलग्न हुने गरी प्रशिक्षण केन्द्रहरू स्थापना गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम स्थापित प्रशिक्षण केन्द्रका काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन्।

२०. **<u>अध्ययन तथा अनुसन्धान केन्द्रः</u>** (१) विश्वविद्यालयले देहायलगायतका प्रवर्तनात्मक तथा प्रायोगिक अध्ययन अनुसन्धान केन्द्रहरू सञ्चालन गर्न सक्नेछः-

(क) विज्ञान तथा मौलिक प्रविधि एवं आविष्कार

(ख) समाजशास्त्र तथा मानवशास्त्र

(ग) राजनीतिक अर्थशास्त्र

(घ) राष्ट्रिय विकास नीति तथा कानुन

(ङ) पौरस्त्य (पूर्वीय) प्रज्ञान

(च) इतिहास, संस्कृति, उद्यमशीलता, प्राकृतिक स्रोतको सदुपयोग आदि।

(२) उपदफा (१) अन्तर्गत सञ्चालित अध्ययन केन्द्रका काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् र यस्ता अनुसन्धान केन्द्र संयुक्त वा पृथक केन्द्रको रूपमा सञ्चालन गर्न सकिने छ।

२१. **<u>लेखापरीक्षणः</u>** (१) विश्वविद्यालयको लेखापरीक्षण देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालय सभाद्वारा नियुक्त राष्ट्रिय मान्यता प्राप्त लेखापरीक्षकद्वारा विश्वविद्यालय सञ्चित कोष एवं विश्वविद्यालयको आय-व्ययको लेखापरीक्षण हुनेछ।

(ख) खण्ड (क) को लेखापरीक्षणको अतिरिक्त संरक्षक समिति (बोर्ड अफ ट्रष्टिज) ले विश्वविद्यालयको आय-व्यय तथा कार्यक्रमिक परीक्षण गर्नेछ।

२२. **विश्वविद्यालयमा विद्यार्थीको भर्ना:** (१) विश्वविद्यालयमा भर्ना हुन तोकिएको योग्यता पुगेका स्वदेशी तथा विदेशी विद्यार्थीहरू विश्वविद्यालयमा भर्ना हुन पाउने छन्।

(२) भर्नासम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।

२३. **सेवा आयोग:** (१) विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीको नियुक्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिको सिफारिस गर्न एक सेवा आयोग रहने छ।

(२) सेवा आयोगको अध्यक्षमा सङ्घीय वा प्रदेश लोक सेवा आयोगका आयुक्त भइ निवृत्त व्यक्ति वा अन्तर्राष्ट्रियस्तरमा प्राज्ञिकक्षेत्रमा विशिष्ट ख्याति प्राप्त गरेको व्यक्तिलाई नियुक्त गरिने छ।

(३) विश्वविद्यालयका निवृत्त प्राध्यापक एक जना र प्रदेश लोक सेवा आयोगले तोकेका एक जना सदस्य आयोगका सदस्य हुनेछन्।

(४) आयोगको काम, कर्तव्य तथा अधिकार विश्वविद्यालय सभाद्वारा जारी गरी बोर्ड अफ ट्रष्टिजले स्वीकृत गरेको नियमावलीबमोजिम हुनेछ।

(५) आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि तीन बर्षको हुनेछ।

(६) आयोगका अध्यक्ष वा सदस्य पुर्ननियुक्तिका लागि योग्य हुने छैनन्।

२४. **विश्वविद्यालयका प्राध्यापकः** (१) विश्वविद्यालयले तोकेका योग्यता पुगेका प्राध्यापक, सह-प्राध्यापक (एसोसिएट प्रोफेसर) सहयोगी प्राध्यापक (एसिस्टेन्ट प्रोफेसर) विश्वविद्यालयमा रहने छन्।

(२) ४० (चालिस) प्रतिशतभन्दा बढी नहुने गरी स्वदेशी तथा विदेशी प्राध्यापक तथा विज्ञहरूलाई अतिथि प्राध्यापकको रूपमा काम लगाउन सकिनेछ र अतिथि प्राध्यापकले पाउने पारिश्रमिक तथा सुविधाको सामान्य मापदण्ड सभाले तोकेबमोजिम हुनेछ।

(३) कुनै एक तहबाट अर्को तहमा पदोन्नति हुँदा, कम्तीमा दुईवटा अनुसन्धानात्मक लेखहरू अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित भइ कम्तीमा एउटा सन्दर्भ-पुस्तक मान्यता प्राप्त प्रकाशन गृहबाट प्रकाशित भएको हुनुपर्ने शर्तलाई मुख्य शर्तका रूपमा समावेश गरी प्राध्यापकहरूको सेवा, शर्त तथा सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

२५. **नियम बनाउने अधिकारः** यो विधानको कार्यान्वयनका लागि विश्वविद्यालयले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२६. **संक्रमणकालीन व्यवस्थाः** (१) विश्वविद्यालयमा समावेश हुने अन्य विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्थाका विद्यार्थीहरूको क्रेडिट स्थानान्तरण गर्ने अधिकार सभाबाट बनेको नियमावलीबमोजिम कार्यकारी परिषद्लाई हुनेछ।

(२) विश्वविद्यालयमा गाभिएका क्याम्पसका कर्मचारी तथा शिक्षकहरूको सम्बन्धमा तोकिएबमोजिम हुनेछ।

(३) प्रदेश उच्च शिक्षा ऐन, २०७८ बमोजिम अन्य कुनै विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्थालाई विश्वविद्यालयले आफ्नो आङ्गिक क्याम्पसको रूपमा ग्रहण गरी सञ्चालन गर्न सक्नेछ र त्यसरी सञ्चालन गर्दा त्यस्ता संस्थाको सम्पत्ति प्रचलित कानूनबमोजिम विश्वविद्यालयका सम्पत्ति हुनेछन्।

**आज्ञाले,**
**डा. भीष्मकुमार भूषाल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १५।-